अनुसूचि १

......................टोल विकास संस्थाको विधान

**प्रस्तावना :**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरि गरिबी अन्त्यको प्रयासमा ठोस योगदान पुरयाउन, खजुरा गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन, सहभागितामूलक योजना तर्जुमा गर्न तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गरी सबै टोलबासीहरुलाई सुखि र खुसी राख्न यो ............................ टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको हो ।

## १. प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ**

क. यो विधान ...................................... टोल विकास संस्थाको विधान हुने छ ।

ख. यो संस्थाको नाम ..........................................हुने छ ।

ग. यो विधान ................................... टोल विकास संस्था खजुरा गाउँपालिकामा दर्ता भएको मितिदेखि लागु हुने छ ।

घ. यस टोल विकास संस्थाको कार्यालय ......................... मा रहने छ ।

ङ. यस टोलको सीमाना देहाय बमोजिम हुने छ ।

पूर्व ............................... पश्चिम .......................................

उत्तर............................. दक्षिण................................

## २. परिभाषा

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा**

क. संस्था भन्नाले .................. टोल विकास संस्थालाई सम्झनुपर्छ ।

ख. विधान भन्नाले यस टोल विकास संस्थाको विधान सम्झनुपर्छ ।

ग. साधारणसभा भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

घ. समिति भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

CamScanner

ङ. बैठक भन्नाले संस्थाको बैठक सम्झनुपर्दछ ।

च. विस्तारित बैठक भन्नाले समितिको आहवानमा प्रत्येक चार महिनामा साधारण सदस्यहरु सहितको बैठक सम्झनुपर्छ ।

छ. पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई सम्झनुपर्छ ।

## ३. संगठित संस्था हुने

क. संस्थाको छुटटै छाप हुने छ । साथै संस्थाले व्यक्ति सरह नामबाट कार्य गर्न सक्नेछ ।

ख. संस्थाले चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न सक्ने छ । तर संस्थाले आफ्नो अचल सम्पत्ती विक्रि गर्न पाउने छैन । संस्था विगठन भएमा सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ती गाउँपालिकामा हस्तान्तरण हुने छ ।

## ४. संस्थाका उद्देश्यहरु

क. टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख. स्थानीय स्तरका विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायलाई परिचालन गर्ने ।

ग. समृद्ध टोल निर्माणमा आपसी भाइचारा र सद्भाव बढाउदै सबै टोलबासीहरुलाई सकारात्मक योगदानका लागि परिचालन गर्ने ।

घ. संस्थालाई सहभागितामुलक योजना तर्जुमा, विकास योजनाहरुको अनुगमन र मूल्यांकन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

ङ. आर्थिक, सामाजिक तथा राजनीतिक सवालहरुमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ।

## ५. टोल विकास कार्य समितिको गठन :

क. गाउँपालिकाको बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारहरुका सदस्यहरुबाट टोल विकास संस्था गठन गरिने छ ।

ख. पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष्य, सचिव र कोषादक्ष्य र आवश्यकताअनुसारको सदस्यअरु रहेको एक टोल विकास कार्यसमिति गठन हुनेछ । व्यापक भेलाबाट टोल विकास संस्थाको नामाकरण गर्ने छ । तर दोश्रो पटकको हकमा यस्तो कार्यसमिति साधारण सभाको सर्वसम्मतबाट पुनर्गठन हुने छ ।

ग. टोल विकास कार्य समितिको अवधि २ वर्षको हुने छ ।

घ. एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति तथा उनको आफ्नो घरपरिवारका सदस्य (आमा, बुवा, श्रीमान/श्रीमती, छोरा/छोरी ) पुन अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदमा लगत्तै दुइ वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्ने छ ।

CamScanner

ङ. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीहरुलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्दछ। सो सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिने छ। टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ३३ प्रतिशत महिला हुनु पर्नेछ।

## ६. संस्थाका कार्यहरु

टोल विकास संस्थाको कार्यहरु देहाय बमोजिम हुने छन्।

क. टोल भित्र आपसी सम्मान, मेलमिलाप, भाइचारा र सामाजिक सद्भाव कायम राख्न भूमिका खेल्ने।

ख.टोलका सदस्यहरुलाई उद्यमशीलता विकास गरी आर्थिक समुन्नतीको मार्ग तर्फ डोरयाउन सहजीकरण गराउने।

ग. टोलमा आइपरेका समस्याहरु समाधान गर्न सहभागीमूलक ढंगले छलफल गर्ने।

घ. उपलब्ध श्रोतको समूचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना वनाउने।

ङ. विभिन्न खाले विकृति विसंगती तथा अन्धविश्वासका विरुद्ध टोलवासीहरुलाई सचेत बनाउने।

च. हरियाली र सुन्दर टोल बनाउन टोलका सार्वजनिक स्थलहरुमा बृक्षारोपण गर्ने।

छ. आफ्नो टोललाई वाल मैत्री टोल बनाउन कार्यक्रमहरु गर्ने।

ज. टोललाई विपद् पूर्वतयारी योजना बनाउने। र सो बमोजिम जोखिम न्यूनिकरणका कार्यक्रमहरु गर्ने। विपद् व्यवस्थापनमा सक्रियतापुर्वक खटिने।

झ. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयहरुमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

ञ. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने।

ट. आफ्नो टोल वस्तीलाई नमूना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने।

ठ. हरित गाउँ, उज्यालो खजुरा, व्यवस्थित खजुरा लगायतका अभियानमा सहयोग गर्ने।

ड. टोलमा रहेका सार्वजनिक, पर्ती, ऐलानी आदि जग्गाको संरक्षणमा खजुरा गाउँपालिकालाई सहयोग गर्ने।

ढ. गाउँपालिकासंग भएका समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

ण. टोलका घरहरुको वैज्ञानिक ठेगाना प्रणालीका लागि घर नम्बरिंग प्रक्रिया शुरु गर्ने काममा गाउँपालिकालाई सहयोग गर्ने।

## ७. सदस्यता

**संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ।**

CamScanner

क. यस विधानको उद्देश्य बमोजिम संस्थाको विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

ख. सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिने छ ।

## ८. सदस्यता नरहने

देहायको अवस्थामा सदस्यता रहने छैन ।

क. सदस्यको मृत्यु भएमा ।

ख. सदस्यले सदस्यता परित्यागको लागि लिखित निवेदन दिएमा ।

ग. सदस्यता शुल्क नतिरेमा ।

घ. संस्थाको निर्णय विपरित आचरण प्रदर्शन गरेमा संस्थाले निर्णय गरि सदस्यता खारेज हुने छ ।

ङ. संस्थालाई हानी नोक्सानी पुरयाएमा वा नैतिक पतन हुने फौजदारी अभियोग प्रमाणित भएमा ।

च. नेपालको प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा ।

## ९. संस्था गठन एवं कार्य संचालन विधि

क. संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्ने कम्तीमा पनि ८० प्रतिशत टोलबासीहरुको सर्वसम्मत निर्णयबाट संस्था गठन गरिने छ ।

ख. ९ क अनुसार गठन भएको संस्थामा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको चयन गरिने छ । आवश्यकता अनुसार समितिको कार्यसमितीमा सदस्यहरु निर्वाचित गरिने छ ।

ग. संस्थामा कम्तीमा ३३ प्रतिशत महिला सदस्य रहनेछन् ।

घ. एकाघरका व्यक्तिहरु पदाधिकारीमा रहन पाउने छैनन् ।

## १०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

### क. अध्यक्षको काम, कर्तव्य र अधिकार

अ. संस्थाको नियमित बैठक बोलाउने ।

आ. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

इ. बैठकमा छलफलका विषयहरु टिपोट गर्ने र जानकारी गराउने ।

ई. छलफलमा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने । निर्णयहरु लागु गर्ने र गराउने ।

CamScanner

उ. विकास कार्यमा सबैलाई परिचालन गरी नेतृत्व प्रदान गर्ने ।

ए. संस्थाले आर्जन/प्राप्त गरेको नगद तथा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

ऐ.कार्यविधि तथा संस्थाको विधान अनुसार अन्य कार्यहरु गर्ने ।

**ख. संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

अ. संस्थाको अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने ।

आ. अध्यक्षको काममा सहयोग गर्ने ।

**ग. संस्थाको सचिवको काम, कर्तव्य र अधिकार**

अ. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

आ. एक तिहाइ सदस्यहरुले बैठक बोलाउन लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

इ. बैठकमा प्रस्तावहरु संकलन गर्ने । बैठकको निर्णय पुस्तिकामा निर्णय लेखी प्रमाणित गराउने ।

ई. संस्थाको क्रियाकलापका बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

उ. विस्तारित बैठक र साधारण सभामा संस्थाका क्रियाकलापहरु समेटेर प्रतिवेदन लेख्ने ।

उ तोकिएका अन्य कार्यहरु गर्ने ।

**ग) संस्थाका कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

अ. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

आ . खर्चको लेखा परीक्षण गरायने ।

इ. बैकमा खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने ।

इ. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिइ सुरक्षा गर्ने ।

**घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

अ. गाउँपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

आ. तोकिएका अन्य कार्यहरु गर्ने ।

## ११. साधारण सभाको गठन र कार्यप्रणाली

**साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ ।**

क. संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुने छ ।

ख. साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितीमा संस्थाको उपाध्यक्षले गर्नेछ ।

ग. साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार

**साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क. संस्थाको नीतिगत निर्णयहरु गर्ने ।

ख. लेखापरिक्षक नियुक्ति गर्ने ।

ग. संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

घ. कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ङ. कार्यसमिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र दिने ।

च. संस्थाको विधान संशोधन गर्ने ।

छ. आवश्यकताअनुसार सल्लाहकार मनोनयन गर्ने ।

ज. संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

## १३. आर्थिक अवस्था

**क. संस्थाको देहाय वमोजिम आर्थिक श्रोत हुनेछ ।**

अ. सदस्यता बाट प्राप्त शुल्क

आ. सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।

इ संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार

ई अन्य आम्दानी

ख. प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

ग. संस्थाको नाममा प्राप्त वा खरीद चलअचल परिचालन र प्रयोग तोकिए बमोजिम हुने छ ।

## १४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा

क. समितिका सदस्यहरुले आफ्नो पदवाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

ख. अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नुपर्ने छ । सो उपरसंस्थाले निर्णय गरे बमोजिम हुने छ ।

CamScanner

## १५. कार्यसमितिलाई अविश्वासको प्रस्ताव

कार्यसमितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ५० प्रतिशत साधारण सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

## १६. विविध

क. विधान संशोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुइतिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

ख. प्रचलित ऐन, नियमहरुसंग बाझिएका बुँदाहरु हदसम्म स्वतः खारेज हुने छ ।

CamScanner

## अनुसूचि २

## टोल विकास संस्थालाई खजुरा गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

मिति ........................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

खजुरा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

**विषय : टोल विकास संस्था दर्ता गरिपाउँ ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्धारा संचालित वडा नं. .... ... को ..............................टोलमा गठन गरिएको .................................................... टोल विकास संस्थालाई खजुरा गाउँपालिका कार्यालयमा दर्ता गरिदिनहुन अनुरोध गर्दछु । यस टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सीमित रहनेछ ।

पूर्व सीमाना .................

पश्चिम सीमाना.....................

उत्तर सीमाना..................

दक्षिण सीमाना .................

जम्मा घरधुरी संख्या ..........

निवेदक

...............

अध्यक्षको नाम :

टोल विकास संस्थाको नाम

ठेगाना

CamScanner